# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ ३ गते २०२८ साल

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

निजामती सेवा नियमावली २०२१ ( यसपछि "मूल नियमावली" भनिएको ) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ –

१ संक्षिप्त नाम र प्रारम्भ :- (१) यी नियमहरूको नाम "निजामती सेवा ( पाँचौं संशोधन ) नियमावली २०२८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ मूल नियमावलीको नियम ५. ३ मा संशोधनः– मूल नियमावलीको नियम ५. ३ को उपनियम (१) पछि देहायको उपनियम (१) क थपिएको छ–

"(१) क नियम ५.१० र नियम ११.१ को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी निजामती कर्मचारीले २ वर्षमा एक पटक कमसेकम ३० दिन वा एक वर्षमा एक पटक कमसेकम १५ दिनमा नघटाई घर बिदा लिनु पर्नेछ।"

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।